# यौनजन्य तथा अन्तर्वैयक्तिक हिंसाका पीडितहरूको लागि अध्यागमन तथा भिसा जानकारी

आफ्नो अध्यागमन र भिसाको स्थितिको बारेमा प्रश्नहरू भएका अन्तर्राष्ट्रिय विद्यार्थी र विद्वानहरूलाई अध्यागमन वकीलको सहायता खोज्न सुझाव गरिन्छ। यो कागजात कानूनका निश्चित पक्षहरूको व्याख्या गर्ने संसाधन हो तर यो कानूनी परामर्शको प्रतिस्थापन होइन।

**म आक्रमणबाट पीडित भएको छु, मेरो अध्यागमन स्थितिले क्याम्पस भित्रका संसाधनहरूमा पहुँच गर्ने मेरो क्षमतालाई प्रभाव पार्छ?**

पार्दैन। कानून अन्तर्गत, यौनजन्य र अन्तर्वैयक्तिक हिंसाका पीडित वा उत्तरजीवी रहेका विद्यार्थीहरू र कर्मचारीले अध्यागमन र भिसा स्थितिको बाबजुद 1972 को शिक्षा संसोधनहरू (शीर्षक IX) र महिला ऐन विरूद्धको हिंसा (VAWA) बमोजिम समान अधिकार प्राप्त गर्छन्।

| | |
|---|---|
| क्याम्पस भित्रका मेडिकल र परामर्श संसाधनहरूका साथसाथै उपलब्ध आवासहरू बारेमा जानकारी यहाँ फेला पार्न सकिन्छ: | RMC/JSU Health Center http://www.jsu.edu/studenthealth/ JSU Counseling Services: http://www.jsu.edu/ccservices/ |
| विद्यार्थी कार्यवाही प्रक्रियाको बारेमा जानकारी यहाँ फेला पार्न सकिन्छ: | http://www.jsu.edu/titleix/ |

कलेजले तपाईं विरूद्ध प्रतिकार गर्नेछैन वा अपराधको रिपोर्ट गरेको आधारमा तपाईंलाई भिन्न व्यवहार गर्नेछैन।

**मैले कानूनी वा गैर-कानूनी आप्रवासीको रूपमा आपराधिक दोषहरू लगाउन सक्छु?**

| | |
|---|---|
| सक्नुहुन्छ। तपाईंको राज्यको यौनजन्य आक्रमण, घरेलु हिंसा, प्रेम हिंसा र धोकाका आपराधिक परिभाषाहरूको जानकारी वार्षिक सुरक्षा प्रतिवेदनमा फेला पार्न सकिन्छ: | http://www.jsu.edu/police/crimestats.html |

अपराधहरू दायर गर्ने सम्बन्धी विशिष्ट प्रश्नहरूलाई यहाँ सम्बोधन गर्न सकिनेछ:

Chris Madrigal, Jacksonville State University Police Department
Salls Hall on Forney Avenue, Jacksonville, Alabama 36265
256-782-5050
http://www.jsu.edu/police/index.html
cmadrigal@jsu.edu

**त्यहाँ अपराधका पीडितहरूको लागि कुनै विशिष्ट भिसा र अध्यागमन स्थितिहरू छन्?**

छन्। यौनजन्य आक्रमण, घरेलु हिंसा, प्रेम हिंसा र धोका पाएका पीडितहरूको लागि U र T भिसाहरू सहित अन्य भिसा विकल्पहरू हुन सक्छन्। सुनिश्चित वर्णनको लागि अध्यागमन वकीलसँग कुरा गर्नुहोस्।

| U भिसा | T भिसा |
|---|---|
| यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा, बलात्कार, आक्रमण वा अन्य सम्बन्धित अपराधहरू सहितका निश्चित आपराधिक क्रियाकलापको परिणामको रूपमा अत्यधिक शारीरिक वा मानसिक दुर्व्यवहारका पीडितहरूका लागि<br>- पीडित/आवेदक मान्य आपराधिक क्रियाकलापहरूद्वारा पीडित हुनुपर्छ र उक्त आपराधिक गतिविधिको अनुसन्धान र/वा अभियोगमा सहयोगी जस्तो देखिनुपर्छ<br>- साधारणतया चार वर्षको लागि मान्य<br>- थप जानकारीको लागि, अध्यागमन वकीलसँग परामर्श गर्नुहोस् र यहाँ हेर्नुहोस्: | मानव बेचबिखनका पीडितहरूका लागि<br>- बेचबिखन ऐन(हरू) को अनुसन्धान वा अभियोगमा सहकार्यको लागि कानून प्रवर्तनका अर्थपूर्ण अनुरोधहरूसँग अनुपालन हुनुपर्छ (शारीरिक वा मनोवैज्ञानिक ट्रमाको कारणले सहकार्य गर्न असक्षम नहुँदासम्म) र पीडित/आवेदकलाई संयुक्त राज्यबाट हटाइएमा ऊ अत्यधिक कठिनाईबाट गुज्रिनुपर्ने अवस्थालाई देखाउन सक्षम हुनुपर्छ<br>- साधारणतया चार वर्षको लागि मान्य<br>- थप जानकारीको लागि, अध्यागमन वकीलसँग परामर्श गर्नुहोस् र यहाँ हेर्नुहोस्: |
| http://www.uscis.gov/humanitarian/victims-human-trafficking-other-crimes/victims-criminal-activity-u-nonimmigrant-status/victims-criminal-activity-u-nonimmigrant-status | http://www.uscis.gov/humanitarian/victims-human-trafficking-other-crimes/victims-human-trafficking-t-nonimmigrant-status |

**क्याम्पसमा मलाई अतिरिक्त जानकारी उपलब्ध गराउन सक्ने कार्यालय छ?**

, International House & Programs
Clarence W Daugette, Jr. International House, 700 Pelham Road North, Jacksonville, Alabama 36265
256-782-5303
http://jsu.edu/international/index.html

अन्तर्राष्ट्रिय विद्यार्थी र विद्वान सेवा कार्यालयले अध्यागमन स्थितिसँग सम्बन्धित उपयोगी जानकारी उपलब्ध गराउन सक्छ। अन्य भिसा स्थितिहरूमा हुने परिवर्तनहरू वा स्तरीय F-1 र J-1 विद्यार्थी भिसाहरू बाहिर पर्ने कानूनी विकल्पहरू वा रोजगारदाताद्वारा प्रायोजित कार्य भिसाहरूसँग सम्बन्धित प्रश्नहरूका लागि योग्य अध्यागमन वकीलसँग परामर्श गर्न ध्यान दिनुहोस्।

**भिसाका विकल्पहरू**

| | |
|---|---|
| F-1 र J-1 स्थिति भएका विद्यार्थीहरू<br>• इजाजतप्राप्त मेडिकल चिकित्सक, अस्थिचिकित्साको चिकित्सक वा इजाजतप्राप्त चिकित्सकीय मनोवैज्ञानिकद्वारा प्रमाणित मेडिकल अवस्थाहरूको कारणले घटाइएको पाठ्यक्रम भार स्वीकृतिको लागि विकल्पहरू<br>• तपाईंको शैक्षिक कार्यक्रमबाट हट्ने विकल्पहरू र यसका परिणामहरू<br>• विद्यार्थीले हटाउन चाहन्छन् भने पछिको मितिमा शैक्षिक कार्यक्रममा फर्किने बारेमा जानकारी<br>• जीवनसाथीहरूलाई साथ दिने विकल्प र परिणामहरू<br>• भिसा स्थिति परिवर्तन गर्नको लागि विकल्पहरूको बारेमा सामान्य जानकारी।<br>• U र T भिसाहरूको साधारण जानकारी। (योग्य अध्यागमन वकील कहाँ रिफर)<br>• योग्य वकील कहाँ रिफर | H-1B, O-1, E-3 वा TN कर्मचारीहरू<br>• अनुपस्थितिको कार्य बिदाको लागि विकल्पहरू र तपाईंको अध्यागमन स्थितिका परिणामहरू<br>• जीवनसाथीहरूलाई साथ दिने विकल्प र परिणामहरू<br>• भिसा स्थिति परिवर्तन गर्नको लागि विकल्पहरूको बारेमा सामान्य जानकारी। योग्य अध्यागमन वकील कहाँ रिफर<br>• U र T भिसाहरूको साधारण जानकारी। (योग्य अध्यागमन वकील कहाँ रिफर)<br>• योग्य अध्यागमन वकील कहाँ रिफर<br>• संयुक्त राज्यका विचाराधीन स्थायी निवासीहरू (ग्रीन कार्ड अझैसम्म स्वीकृत गरिएको छैन)<br>• तपाईंको विचाराधीन रोजगारदाता-प्रायोजित स्थायी निवासी आवेदनमा तपाईंको रोजगार छोड्नुका प्रभाव;<br>• योग्य वकील कहाँ रिफर |

**अध्यागमन वकील भनेको के हो र तिनीहरूले के गर्छन्?**

अध्यागमन वकीलहरू भनेको इजाजतप्राप्त वकीलहरू हुन् जसले अध्यागमन कानूनको क्षेत्रमा विशेषज्ञता प्राप्त गर्छन्। तिनीहरूले सेवाग्राहीको अधिवक्ताको रूपमा कार्य गर्छन् र अध्यागमन अदालतको साथसाथै अध्यागमन लाभहरूको लागि आवेदन भर्दा पनि तिनीहरूलाई अध्यागमन एजेन्सीहरूको अगाडि प्रस्तुत गर्न सक्छन्। वकीलले सामान्य सुझाव दिन सक्छ र अध्यागमन विकल्पहरूमा छलफल गर्न सक्छ। सबै वकीलहरू जस्तै, अध्यागमन वकीलहरू पेशागत, नैतिक र कानूनी आवश्यकताहरूबाट बाँधिएका हुन्छन् र सेवाग्राहीको छलफलहरूलाई गोपनीय राख्छन्।

**मैले स्थानीय अध्यागमन वकील कहाँ फेला पार्न सक्छु?**

| | |
|---|---|
| संयुक्त राज्यको नागरिकता तथा अध्यागमन सेवा (USCIS), गृह सुरक्षा विभाग (DHS) ब्यूरोले व्यक्तिहरूलाई नि:शुल्क वा न्यून शुल्कको कानूनी प्रतिनिधित्व फेला पार्न मद्दत गर्न दुईवटा साइटहरू उपलब्ध गराउँछ: | |
| USCIS: तपाईंको सामुदायिक वेबपृष्ठमा मद्दत फेला पार्नुहोस् | USCIS: कानूनी सेवा वेबपृष्ठ फेला पार्नुहोस् |
| अध्यागमन अपील बोर्ड (BIA) ले नि:शुल्क वा कम शुल्कमा अध्यागमन सेवाहरू उपलब्ध गराउने राज्य वकीलहरूको सूची उपलब्ध गराउँछ। | |
| The American Immigration Lawyers Association (AILA) ले अनलाइन अध्यागमन वकील रिफेरल सेवा प्रदान गर्छ जसले विद्यार्थी वा विद्वानलाई अध्यागमन वकील फेला पार्न मद्दत गर्न सक्छ। | |
| American Bar Association ले राज्य कानूनी सेवाहरू फेला पार्न पनि जानकारी उपलब्ध गराउँछ। | |